मटिहानी नगरपालिकाको आर्थिक बर्ष २०७६/०७७ को लागि तय भएका

नीति, कार्यक्रम र बजेटको संक्षिप्त रुप

# तेश्रो नगरसभा

## २०७६ असार ८ गते


मटिहानी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

धिरापुर, महोत्तरी

www.matihanimun.gov.np

# मटिहानी नगरपालिकाको तेश्रो नगर सभामा नगरप्रमुख द्वारा प्रस्तुत आ.व.२०७६।०७७ को नीति तथा कार्यक्रम

आदरणिय प्रमखु अतिथिज्यू, विशिष्ट अतिथिज्यू, उपस्थित सम्पूर्ण अतिथिज्यूहरु, नगर उपप्रमुखज्यू, नगर सभासदस्यज्यूहरु, राजनैतिक दलका प्रतिनिधिज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, शिक्षकज्यूहरु, पत्रकारज्यूहरु, उधोग वाणिज्य संधका प्रतिनिधिज्यूहरु, नगर कार्यपालिकाको कार्यालयका कर्मचारीहरु, न्यापारी, बुद्धिजिवि, महिला, सुरक्षकर्मी, नगरवासी एवम् उपस्थित सम्पूर्ण सज्जनवृन्द ।

हाम्रो निमन्त्रणालाई स्वीकार गरी उपस्थित भएर हौसला दिनुहुने सम्पुर्ण महानुभावहरुलाई सर्वप्रथम संघिय लोकतान्त्रीक गणतन्त्र घोषणा पछिको तेश्रो नगरसभा समारोहमा नगरपालिकाको तर्फबाट हार्दिक स्वागत, सम्मान र आभार ब्यक्त गर्न चाहन्छु ।

आदरणीय महानुभावहरु,

नगरवासीहरुको आवश्यकतालाई मुर्तरुप दिने प्रयासमा सार्थक योजना, बजेट, नीति तथा कार्यक्रम तय गर्न हामीले सदैव प्रयास गर्नेछौ भन्ने सन्दर्भमा तयार गरिएको अगामी आ.व. २०७६/०७७ को वार्षिक बजेट, नीति तथा कार्यक्रम सार्वजनिक गर्ने यस घडीमा राष्ट्रियता, लोकतन्त्र, गणतन्त्र, मधेश आन्दोलन र जनजीविका प्राप्तीको आन्दोलनका विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

नगरपालिकाले तय गरेको अभिलाषायुक्त, सपनायुक्त र महत्वकांक्षी “मटिहानी नगर : स्वच्छ सुन्दर समुन्नत नगर” भन्ने नारा अनुरुप निर्वाचित नेतृत्वबाट स्थानीय तहको संचालन भएको छोटो अवधिमा घण्टाघर निर्माण कार्य, बाल उत्थान केन्द्र, सौर्य उर्जा, जोडकोषमा आधारित कम्प्युटर वितरण लगायत सडकहरुको स्तरोन्नती, नगर सुशासन ब्यवस्थापन, वडा कार्यालयहरुबाट सेवा प्रवाह लगायतका सेवाहरु प्रभावकारी बनाउँदै स्थानीय सरकारको अनुभूती दिलाउन सफल भई, अब अरु संग तुलना नगरी संधीय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान र आफ्नै आन्तरिक आयबाट स्थानीय सापेक्षतामा चौतर्फी रुपमा गुणात्मक फडको लिन भौतिक र संस्थागत पुर्वाधार तय गर्दै अपेक्षित रुपमा नगरपालिकाको विकासका लागी तेश्रो नगर सभा प्राविधिक रुपले उपयुक्त र सामाजिक रुपमा सन्तुलित एवं राजनैतिक रुपमा स्वीकार्य विकास प्राप्तीका लागी समन्वय कायम गर्दै विकासका गन्तब्य, प्राथमिकता चयन गर्नुपर्ने विशिष्ट अवस्थामा तपसील बमोजिमका महत्वपुर्ण क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।

**वार्षिक नगर विकास योजना तर्जुमाका आधारहरु :**

क) नेपालको संविधान

ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

ग) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

घ) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

ङ) संघीय र प्रदेश सरकारले जारी गरेको नीति, कानुन तथा मापदण्डहरु

च) स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४

छ) संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना

ज) स्थानीय तहको मध्यमकालिन खर्च संरचना

झ) स्रोत साधन

ञ) विकासका अन्तरसम्वन्धित विषयहरु

ट) नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताबाट सिर्जित दायित्वहरु

ठ) संघ र प्रदेश सरकारले अवलम्वन गरेका अन्य आर्थिक नीतिहरु आदि ।

**वार्षिक नगर विकास योजना तथा बजेटका प्राथमिकताहरु : नगरपालिकाले वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा निम्न विषयलाई प्राथमिकता दिईएको छ ।**

क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,

ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,

ग) जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,

घ) स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,

ङ) स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,

च) महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,

छ) लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने,

ज) दिगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धन गर्न सघाउ पुर्याउने,

झ) भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने आदि ।

**वार्षिक नगर विकास योजना तर्जुमा गर्दा निम्न विषयहरुमा ध्यान दिईएको छ ।**

क) संघ र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रकृयासंग अनुकुल हुने,

ख) एकिकृत शहरी विकास योजना र मध्यमकालीन खर्च संरचना अनुसार प्राथमिकताका विषयहरु,

ग) वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकुलन, खानेपानी तथा सरसफाई, विपद् व्यवस्थापन,

घ) सुशासन, लैङ्गिक तथा सामाजिक समावेशीकरण र लक्षित वर्गको सशक्तिकरण गर्ने जस्ता विकासका अन्तरसम्बन्धित विषयहरु,

ङ) समाजका सवै वर्ग, क्षेत्र र समुदायको अधिकतम सहभागिता सुनिश्चित गर्ने विषयहरु,

च) अन्तर स्थानीय तहको योजना कार्यान्वयनमा सघाउ पुग्ने विषयहरु,

छ) विषय क्षेत्रगत तथा भौगोलिक सन्तुलन कायम गर्ने पक्षहरु,

उपस्थित महानुभावहरु,

अब म आ.व. २०७६/७७ को बार्षिक बजेट तर्जुमा गर्दा अवलम्वन भएका निति तथा कार्यक्रम वारे प्रस्तुत गर्न चाहन्छु ।

**कृषि तथा पशु विकास निति**

- व्यवसायिक बाली उत्पादन प्रबर्द्धन गर्ने आयोजनाहरु संचालन गरी कृषि व्यवसाय प्रबर्द्धनमा जोड दिईनेछ
- कृषकहरुको लागि अनुदानमा कृषि उत्पादन सामग्री जस्तैः तरकारी मिनीकिट, स्प्रेयर, हार्वेटिक ब्याग, गटोर जस्ता कृषि उपकरण वितरण जस्ता निति अवलम्वन गरिनेछ ।
- कृषि उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि विकसित प्रविधिहरुको प्रसार प्रचार र प्राविधिक सेवा टेवा सर्वसुलभ रुपमा प्रदान गरी कृषकहरुलाई कृषि विकास गर्न सक्षम बनाईनेछ ।
- कृषकहरुलाई अनुदानमा खेती गर्न प्रोत्साहित गरिनेछ ।
- कृषि विकासमा कृषक समुह, समिति , सहकारी, गैर सरकारी संस्थाहरुसंग साझेदारी गर्ने नीति अवलम्वन गरिनेछ ।
- कृषि प्रसार सेवालाई प्रभावकारी तुल्याउन ग्रामीण कृषि कार्यकर्ता परिचालन गरिनेछ ।
- तरकारी, फलफूल तथा नगदे बालीमा कृषकहरुलाई आकर्षित गरी उन्नत प्रविधि अवलम्वन मार्फत उत्पादन र उत्पादकत्व बृद्धि गर्न ध्यान दिईनेछ ।
- स्थानिय स्तरमा नै नर्सरी स्थापना गर्न कृषकहरुलाई प्रोत्साहन गरी उन्नत जातको बोट विरुवा तथा बिउ बिजन वितरणलाई सहज बनाईनेछ ।
- पशु खोप कार्यक्रम, व्यवसासिक पशुफार्म प्रबर्द्धन कार्यक्रम(गाई, भैंसी. बाख्रा, कुखुरा) मा जोड दिईनेछ ।
- नश्ल सुधारका लागि कृत्रिम गर्भाधान तथा पशु आहारा श्रोतकेन्द्र स्थापना गरी हिउँदे, बर्षे घाँस उत्पादनमा जोड दिइनेछ ।
- कृषक पाठशाला सञ्चालन कार्यलाई निरन्तरता दिदैं पशुपालन सम्बनधी आधारभूत व्यवसासिक तालिम सञ्चालन गरिनेछ ।
- एकल महिला लीक्षत पशुपालन सबलीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

- पशुधनको क्षति न्युनिकरणको लागि रोग नियन्त्रण खोप कार्यक्रम तथा पशु स्वास्थ्य शिविर संचालनको जोड दिइनेछ ।
- बर्डफ्लु लगायतका पशुजन्य महामारी नियन्त्रण गर्ने जनचेतना मुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

**वन, वातावरण, जलाधार संरक्षण सम्बन्धि नीति–**

- खाली जग्गामा उपभोक्ता समुह, बिद्यालय परिवार र नागरिक समाज मार्फत बृक्षारोपन कार्यक्रम संचालन गरिनेछ ।
- जलवायु र उर्जा योजना अनुसार जलवायु परिवर्तन अनुकुलन तथा नवीकरणीय उर्जाको उत्पादन प्रयोगलाई प्रोत्साहित गर्ने खालका कार्यक्रमहरुको संचालन निजी तथा गैर सरकारी क्षेत्रको संलग्नतामा गर्न जोड दिइनेछ ।
- सडक बत्ती,घर परिवार एंव कार्यालयमा उर्जा आपुर्तिमा सौर्य उर्जाको सदुपयोग गर्ने खालका कार्यहरु ग.. जोड दिइनेछ ।
- बाढी, पहिरो जस्ता प्रकोपबाट बर्षेनी हुने गरेको धनजनको क्षति न्युनिकरणका लागि साझेदार संस्थाहरु विच समन्वय गरी संरक्षणका कार्यक्रमहरु अगाडी बढाइनेछ ।
- सौर्य उर्जा एंव बैकल्पिक उर्जा विकासमा जोड दिइनेछ ।

**पर्यटन सम्बन्धी नीति–**

- नगर पर्यटन व्यवस्थापन सम्बन्धि गुरु योजना निर्माण गरी पर्यटकीय पुर्वाधार विकासमा प्राथमिकीकरणका आधारमा लगानी गर्ने नीति लिइनेछ ।
- पर्यटन सम्बन्धी क्रियाकलापको विकास तथा विस्तारमा निजी क्षेत्रको सहभागीतालाई प्रोत्साहित गर्न पर्यटन व्यवसायी, उद्योग वाणिज्य संघ तथा अन्य संघ संस्था संग सहकार्य गरिनेछ ।
- पर्यटन क्षेत्रको दिगो विकासको लागी जनसहभागितामा आधारित वातावरण संरक्षण कार्यक्रम एकिकृत रुपमा संचालन गरिनेछ ।
- यस नगरपालिकामा रहेका लक्ष्मी नारायणमठ, सिमरदहीमठ लगायतका ऐतिहासिक, सांस्कृतिक एंव धार्मिक महत्वका क्षेत्रको विकासमा जोड दिइनेछ ।
- आगामी आ.व.मा यस नगरपालिकाको कलात्मक शैलीको प्रवेशद्वार गेट बनाइनेछ तथा पर्यटकीय क्षेत्रको विकास एंव प्रवर्द्धन गर्न र परम्परागत कला/संस्कृतीको संरक्षणमा विशेष ध्यान दिइनेछ ।

**विपद व्यवस्थापन सम्बन्धी नीति–**

- विपद जोखिम व्यवस्थापन कोषको स्थापना गरिनेछ ।
- जोखिम व्यवस्थापन नीति, योजना एंव रणनितिलाई प्राथमिकता दिन आवश्यक उपायहरुको अवलम्वन गरिनेछ र आवश्यतानुसार पुर्व सतर्कताको उपायहरुको विकास गरिनेछ ।

- स्थानिय स्तरमा विपद व्यवस्थापन समितिको क्षमता विकास तथा विपद व्यवस्थापन योजना तर्जुमा कार्यमा सहजीकरण गरिनेछ ।
- विपदमा परेका नागरिकहरुलाई तत्काल उद्धार तथा राहत सामग्री वितरण गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

**सिचाई तथा जलविधुत सम्बन्धी नीति–**

- नगरपालिकामा विधुत सेवाको पहुँच विस्तार गर्न सामुदायिक विधुतीकरण तथा ग्रामीण विधुतीकरण कार्यक्रमहरु संचालन गरिनेछ ।
- खेती योग्य जमीनमा सिँचाई सुविधा विस्तार गर्न सिचाँइ कुलोहरु निर्माण भइरहेका सिँचाई प्रणालीहरुको मर्मत सम्भार तथा नयाँ योजनाहरुको सम्भाव्यता अध्ययन गर्ने कार्यमा विशेष सक्रियता देखाइनेछ ।
- साना सिँचाई प्रणालीको मर्मत सुधारका लागी सिँचाई प्रणालीको छनौट गर्दा यथासम्भव सबै वडाहरु समेटिने, बाली विविधिकरण, व्यवसायीकरण र बढी आर्थिक प्रतिकुल दिने खालका सिँचाई प्रणाली छनौट गर्ने पद्धती अवलम्वन गरिनेछ ।

## सामाजिक विकास नीति–

**शिक्षा निति:-**

- बाल विकास केन्द्रहरुलाई सुव्यवस्थित ढंगले संचालन गरी बाल विकास केन्द्र मार्फत कक्षा-१ मा भर्ना हुने दरमा बुद्धि गरिनेछ ।
- आधारभुत तह उमेर समुहका बालबालिकाहरुको शिक्षाको पहुँच सुनिश्चित गर्नका लागी छात्रबृति एंव निःशुल्क पाठ्य पुस्तकको व्यवस्था गरिनेछ ।
- एसईई परीक्षामा सबैभन्दा बढी उतीर्ण गराउने सामुदायिक विद्यालयलाई सम्मान गर्ने परिपाटीको अवलम्वन गरिनेछ ।
- नगरपालिकाको शिक्षा प्रणालीलाई विगतमा सिकिएको पाठहरुको आधारमा विधमान कानुन संस्थागत र प्रकृयागत सुधारलाई थप सुदृढ बनाउदै रणनैतिक ढंगले अगाडी बढाइनेछ ।
- लैंगिक मैत्री तथा बालमैत्री सिकाई प्रणालीको उपयुक्त रणनिति तय गरी कार्यान्वयनमा ल्याइने छ ।
- सामुदायिक विद्यालयहरुको पुर्वाधार विकास गर्दै संस्थागत क्षमता अभिवृद्धिमा जोड दिइनेछ ।
- शिक्षा नगर विकासको मेरुदण्ड हो भन्ने विषयलाई गम्भीरताका साथ अवलम्वन गर्दै सामुदायिक विद्यालयको शैक्षिक र भौतिक पुर्वाधार : वालवालिका विद्यालय प्रवेशको पहिलो आधार भन्ने नाराका साथ समग्र शिक्षा प्रणालीको सुधारका लागि स्पष्ट दृष्टिकोण, प्रतिवद्धता र लगनशीलताका साथ अगाडी बढाइनेछ ।
- नगरभित्रका सामुदायिक क्याम्पसहरुको संस्थागत विकास तथा स्तरोन्नतीका लागि आवश्यक पहल गरिनेछ

- स्थानिय स्तरमा विपद व्यवस्थापन समितिको क्षमता विकास तथा विपद व्यवस्थापन योजना तर्जुमा कार्यमा सहजीकरण गरिनेछ ।
- विपदमा परेका नागरिकहरुलाई तत्काल उद्धार तथा राहत सामग्री वितरण गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

**सिचाई तथा जलविधुत सम्बन्धी नीति–**

- नगरपालिकामा विधुत सेवाको पहुँच विस्तार गर्न सामुदायिक विधुतीकरण तथा ग्रामीण विधुतीकरण कार्यक्रमहरु संचालन गरिनेछ ।
- खेती योग्य जमीनमा सिँचाई सुविधा विस्तार गर्न सिचाँइ कुलोहरु निर्माण भइरहेका सिँचाई प्रणालीहरुको मर्मत सम्भार तथा नयाँ योजनाहरुको सम्भाव्यता अध्ययन गर्ने कार्यमा विशेष सक्रियता देखाइनेछ ।
- साना सिँचाई प्रणालीको मर्मत सुधारका लागी सिँचाई प्रणालीको छनौट गर्दा यथासम्भव सबै वडाहरु समेटिने, बाली विविधिकरण, व्यवसायीकरण र बढी आर्थिक प्रतिकुल दिने खालका सिँचाई प्रणाली छनौट गर्ने पद्धती अवलम्वन गरिनेछ ।

**सामाजिक विकास नीति–**

**शिक्षा नितिः-**

- बाल विकास केन्द्रहरुलाई सुव्यवस्थित ढंगले संचालन गरी बाल विकास केन्द्र मार्फत कक्षा-१ मा भर्ना हुने दरमा बुद्धि गरिनेछ ।
- आधारभुत तह उमेर समुहका बालबालिकाहरुको शिक्षाको पहुँच सुनिश्चित गर्नका लागी छात्रबृति एंव निःशुल्क पाठ्य पुस्तकको व्यवस्था गरिनेछ ।
- एसईई परीक्षामा सबैभन्दा बढी उतीर्ण गराउने सामुदायिक विद्यालयलाई सम्मान गर्ने परिपाटीको अवलम्वन गरिनेछ ।
- नगरपालिकाको शिक्षा प्रणालीलाई विगतमा सिकिएको पाठहरुको आधारमा विधमान कानुन संस्थागत र प्रकृयागत सुधारलाई थप सुदृढ बनाउदै रणनैतिक ढंगले अगाडी बढाइनेछ ।
- लैंगिक मैत्री तथा बालमैत्री सिकाई प्रणालीको उपयुक्त रणनिति तय गरी कार्यान्वयनमा ल्याइने छ ।
- सामुदायिक विद्यालयहरुको पुर्वाधार विकास गर्दै संस्थागत क्षमता अभिवृद्धिमा जोड दिइनेछ ।
- शिक्षा नगर विकासको मेरुदण्ड हो भन्ने विषयलाई गम्भीरताका साथ अवलम्वन गर्दै सामुदायिक विद्यालयको शैक्षिक र भौतिक पुर्वाधार : वालवालिका विद्यालय प्रवेशको पहिलो आधार भन्ने नाराका साथ समग्र शिक्षा प्रणालीको सुधारका लागि स्पष्ट दृष्टिकोण, प्रतिवद्धता र लगनशीलताका साथ अगाडी बढाइनेछ ।
- नगरभित्रका सामुदायिक क्याम्पसहरुको संस्थागत विकास तथा स्तरोन्नतीका लागि आवश्यक पहल गरिनेछ

- एकल महिलाहरुलाई स्वावलम्वी तथा सम्मानयुक्त बन्ने वातावरण सिर्जनामा जोड दिइने छ ।
- सवै वडाहरुमा वडा स्तरीय वालक्लव नेटवर्क क्रियाशील गराउन र नगर बालक्लव नेटवर्क बनाई क्षमता अभिवृद्धि सम्वन्धी कार्यक्रमहरुलाई अगाडी बढाइनेछ ।
- निर्णय प्रक्रियामा महिलाहरुको सहभागीता प्रवर्द्धन गर्ने कार्यक्रमहरु संचालन गरी संचालन गरी सहभागीताको सुनिश्चितता गरिने छ ।

<u>जनजाती / दलित, उपेक्षित तथा उत्पीडित जाति उत्थान एवं संरक्षण :-</u>

- नगरपालिका तथा यस क्षेत्रभित्र कार्यरत सम्पुर्ण गैर सरकारी संधसंस्थाहरुलाई जनजाति, दलित, पिछडा वर्ग, अपाङ्ग तथा जेष्ठ नागरिकहरुका सवालहरुलाई सर्वपक्षीय (Cross Cutting) सवालको रुपमा अग्रिकार गरी कार्यक्रम तर्जुमा गर्न जोड दिइनेछ ।
- अल्प संख्यक तथा पिछडावर्गलाई प्रत्यक्ष लाभ हुने तथा जनचेतनामुलक कार्यक्रम संचालन गर्न विशेष जोड दिइनेछ ।

<u>सामाजिक सुरक्षा :-</u>

- वृद्ध, असहाय, एकल महिला, फरक क्षमता भएका नागरिक तथा बालबालिकाको हितमा सामाजिक सुधार एवं कल्याणकारी कार्यक्रम संचालन गरिनेछ ।
- सामाजिक सुरक्षा भत्तालाई वैकिङ्ग प्रणालीमा आवद्ध गर्दै लगिने छ ।
- सामाजिक सुरक्षा वितरणको अनुगमनलाई अझ प्रभावकारी बनाइने छ । नगरपालिका / वडाहरुमा परिचय पत्र अधावधिक तथा सघन अनुगमनलाई प्रथमिकताका साथ अगाडी बढाईने छ ।

<u>अपाङ्गता सम्वन्धी :-</u>

- सवै प्रकारका अपाङ्गता भएका ब्यक्तिहरुको क्षमता विकास एवं उनीहरुको सामाजिक सुरक्षा ब्यवस्थालाई प्रभावकारी बनाउदै लेजाने निति लिइनेछ ।
- अपाङ्गता भएका ब्यक्तिहरुको स्वावलम्वी संस्थाहरु एवं समूहको दिगो विकास गर्ने उपायहरुको अवलम्वन गरिनेछ ।

<u>गरिबी न्यूनीकरण :-</u>

- नगरपालिकाबाट संचालन गरिने कार्यक्रमहरुलाई गरिब लक्षित क्षेत्रमा केन्द्रित गरिनेछ ।
- नगर गरिबी अनुगमन प्रणालीको संस्थागत विकास गरिनेछ ।

- प्रधानमंत्री रोजगार कार्यक्रम लगायत अन्य गरिबी निवारणका कार्यक्रम मार्फत यस नगरपालिकामा संचालन हुने परियोजनाहरुको प्रभावकारीता अभिबृद्धि गर्न विशेष जोड दिइनेछ ।

युवा तथा खेलकुद सम्वन्धी

- खेलकुद क्षेत्रको विकास र प्रवर्द्धनका लागि युवाहरुको क्षमता विकास तथा सम्मान र पुरस्कृत गर्ने परम्पराको विकास गरिनेछ ।
- निजी सामुदायिक र संधसंस्थाहरुको सहकार्यमा नगर स्तरीय खेलकुद प्रतियोगीताको आयोजना गरिनेछ । नगरपालिका स्तरिय मेयर कप खेलकुद प्रतियोगीतालाई निरन्तरता दिईनेछ ।
- खेलकुद क्षेत्रको विकास र प्रवर्द्धन गर्न युवाहरुलाई खेलकुद सामग्री उपलब्ध गराइनेछ ।
- मटिहानीमा निर्माणाधिन अवस्थामा रहेको रंगशालालाई कम्पाउण्ड र सुविधायुक्त राष्ट्रिय स्तरको रंगशाल निर्माण गरी सञ्चालनमा ल्याईनेछ । यसबाट खेलाडीहरुको खेलप्रतिको चाहना अभिवृद्धि हुने अपेक्षा गरिएको छ ।

भाषा, साहित्य, कला, संस्कृति

- भाषा, साहित्य, कला, संस्कृतिको विकासमा क्रियाशील संघसंस्थाहरु संग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।
- मैथिली एवं स्थानीय संस्कृतिको संरक्षण एवं प्रवर्द्धन गर्नुका अतिरिक्त ऐतिहासिक एवं धार्मिक महत्वका सम्पदाहरुको संरक्षण गर्ने नीतिलाई अवलम्वन गरिनेछ ।

खानेपानी तथा सरसफाई

- आ. व. २०७६/०७७ भित्र नै यस नगरपालिकालाई खुल्ला दिशामुक्त क्षेत्र धोषणा गर्ने उदेश्यका साथ यस सम्वन्धी कार्यक्रमहरुमा सहयोग जुटाउन प्रयत्न गरिनेछ ।
- नगरको बजार क्षेत्रहरुमा सार्वजनिक शौचालय बनाउने कार्यको निरन्तरता दिईनेछ । विद्यालयहरुका चर्पी सफा राखी उदाहरणीय बन्न शिक्षकवर्ग तथा बालक्लवहरुलाई सकृय बनाइनेछ ।
- वातावरणीय स्वच्छता एवं अन्य सरसफाई सम्बन्धी कार्यलाई प्राथमिकताका साथ संचालन गरिनेछ ।
- स्वच्छ एवं आधारभूत गुणस्तरीय खानेपानीको आपुर्तीलाई ब्यवस्थित गर्न खानेपानी योजनाहरुको दिगो संरक्षण एवं निर्माणधिन योजना समयमै सम्पन्न गर्ने ब्यवस्था मिलाइनेछ ।
- विपन्न गरीब परिवारहरुलाई स्वच्छ खानेपानीको सुलभ उपलब्धता गराईने छ ।

## उद्योग तथा ब्यापार सम्बन्धी नीति

- नगरपालिका / वडा स्तर सम्म सहकारी संस्थाहरुको विकास, विस्तार र प्रवर्द्धन गर्ने एवं उत्पादन बृद्धिको विशेष नीति अख्तियार गरिनेछ ।
- वडा वडामा सहकारीताको बारेमा अभिमुखिकरण कार्यक्रम संचालन गरी कम्तीमा "एक वडा एक सहकारीको अभियान" प्रवर्द्धन गरिनेछ ।
- लघुउद्यम तथा स-साना घरेलु उद्योगहरुको विकासमा समुदाय एवं निजी क्षेत्रलाई प्रोत्साहित गर्ने र त्यस्ता उद्योगलाई वातावरण मैत्री बनाउन जोड दिइनेछ ।
- बाजार माँगमा आधारित स्वरोजगार सृजना हुने उद्योग संचालनलाई प्रोत्साहन गर्न बजार केन्द्रहरुमा लघुउद्यम कार्यक्रमहरु संचालन गरिनेछ ।

## पत्रकारिता क्षेत्र प्रवर्द्धन सम्बन्धी नीति

- पत्रकारिता क्षेत्रको विकास र प्रवर्द्धन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- सञ्चारकर्मी संग नियमित अन्तरक्रिया गरी निरन्तर सुधारको नीति अवलम्वन गरिनेछ ।

## भवन, सहरी विकास तथा पूर्वाधार

- नगर विकास योजना तर्जुमा गर्दा जनतालाई प्रत्यक्ष फाइदा हुने तथा रोजगार प्रवर्द्धन हुने र आयमूलक कार्यक्रमहरु, कृषि उत्पादनमा वृद्धि हुने, स्थानीय साधन, सीप र दक्षताको परिचालनबाट संचालन हुने, वातावरण संरक्षणमा सघाऊ पुर्याउने र आर्थिक तथा सामाजिक रुपले पिछडिएका जाति, जनजाती, दलित, गरिब, महिला एवं बालबालिकाको लागी आयमूलक तथा सीपमूलक कार्यक्रमहरुलाई प्रथमिकता दिइनेछ।
- सडक सम्बन्धी पुर्वाधार योजना संचालन गर्दा वार्षिक नगर विकास योजना / सडक गुरु योजनाको आधारमा संचालन, मर्मत एवं स्तरोन्नती गरिनेछ ।
- नगरपालिकामा रिंगरोडको अवधारणा बनाई सो लाई अन्य वडाहरुसंग जोडिने छ ।
- नगरपालिकाको योजनावद्ध विकास मार्फत स्वच्छ, सुरक्षित, समृद्ध र पहिचानयुक्त नगरको रुपमा विकास गरी नगरवासीको मांग अनुसार सर्वसुलभ, भरपर्दो, गुणस्तरीय सेवा तथा सुविधा उपलब्ध गराई नगरवासीहरुको जीवन स्तरमा सुधार ल्याउनको लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय दातृ निकायहरुको समन्वयमा समेत कार्यक्रमहरु संचालन गरिनेछ ।
- ल्याण्ड फिल्डको ब्यवस्था मिलाउन नगरस्तरीय छलफल तथा संभान्यता अध्ययन गराइनेछ ।

संस्थागत विकास तथा सेवा प्रवाह

- नगर भित्र रहेका सार्वजनिक ऐलानी जग्गा, गौचर, पोखरी, इनार लगायत सार्वजनिक महत्वका स्थानहरुको तथ्याङ्क संकलन गरी संरक्षण गरिनेछ ।
- नगरपालिका अन्तर्गतका कर्मचारीहरुको कार्यक्षमताको विकास गरी कार्य सम्पादनको गुणस्तरमा अभिवृद्धि गरिने छ ।
- नगरपालिका अन्तर्गतका सवै विषयगत शाखाका कर्मचारीहरुलाई कामप्रति जिम्मेवार बनाई जिम्मेवारीपुर्ण कार्य सम्पादन गर्ने उत्कृष्ठ कर्मचारीलाई पुरस्कृत र सम्मान गरिनेछ ।
- नगरपालिका अन्तर्गत स्थापित वा कार्यक्षेत्र रहेका सरकारी तथा गैर सरकारी सामाजिक संस्था, उपभोक्ता समितीहरुले आफ्नो उद्देश्य अनुसार नगरपालिकाको आर्थिक, सामाजिक क्षेत्रमा उल्लेखनीय कार्य गर्ने संघसंस्थालाई पुरस्कृत गरिनेछ ।
- नगरपालिकाको क्रियाकलापहरुलाई पारदर्शी, जवाफदेही र मितब्यमी बनाउन सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, खर्च सार्वजनिकीकरण जस्ता विधि प्रक्रियाबाट नगरवासी सबैमा सुचित गरिनेछ ।
- स्थानिय सरकार संचालन ऐन, २०७४ अनुसार नगरपालिकाको वित्तीय अधिकार क्षेत्रभित्र रहेको आन्तरिक आय राजस्वहरु वापत नगरपालिकाको आन्तरिक आयमा बृद्धिका लागि तोकिएको राजस्व संकलनका कर क्षेत्रहरुको समग्र राजस्व संभाव्यता सम्वन्धी तथ्यांक संकलन सहित विस्तृत अध्ययन अनुसन्धान गरिनेछ ।

न्यायीक समिति

- नेपालको संविधान र स्थानिय सरकार संचालन ऐन, २०७४ अनुसार नगरपालिकालाई प्रदत काम, कर्तब्य र अधिकारको सुब्यवस्थित रुपमा कार्यान्वयन गरिनेछ । न्यायीक समितिको कामलाई वस्तु फरक बनाउन संस्थागत विकास गरिनेछ ।
- विवाद समाधानका वैकल्पीक उपाय एवं मेलमिलाप सम्बन्धी विद्यमान प्रक्रियालाई थप स्पष्टताका साथ अगाडी बढाइनेछ । स्थानीय न्याय उत्पादन प्रक्रियालाई छिटोछरितो र ब्यवस्थित गरिनेछ ।

युवा सम्मान कार्यक्रम

राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा नगरको प्रतिष्ठा बढाउन योगदान पुर्याउने युवा र युवाको क्षेत्रमा उत्कृष्ट काम गर्ने संस्थालाई सम्मान एवं पुरस्कृत गरिनेछ । युवाहरुको क्षमता विकासका लागि युवा परिचालन कार्यक्रम संचालन गरिनेछ । युवा केन्द्रित लैङ्गिकसमानता र सशक्तिकरण, लागु औषध दुर्ब्यशन विरुध साकारात्मक सोच, मनोसामाजिक पारमर्श जस्ता कार्यक्रम संचालन गरिनेछ । युवाहरुको साहस, सहनशीलता, आत्मविश्वास, उद्यमशीलताको उच्च मुल्याङ्कन गर्दै शिक्षित, सीपयुक्त, अनुशासित र उद्यमशील युवाशक्तिलाई नगरको मानवीय पुंजीको रुपमा स्वीकार गर्दै नगरको समग्र विकासमा परिचालन गरिनेछ । खेलकुद, समाजिक

विकास, वातावरण संरक्षण, बिपद ब्यवस्थापन, समाजिक तथा आर्थिक रुपान्तर लगायतका क्षेत्रमा सेवाको रुपमा युवा परिचालन गरिनेछ ।

## हरियाली प्रवर्धन

Green मटिहानी Clean मटिहानी, "स्वक्ष मटिहानी,हरित मटिहानी" भन्ने नाराका साथ सुरुवात गरिने हरियाली प्रवर्धन अभियानलाई प्रत्येक टोल बस्ती स्तर सम्म पुर्याइनेछ । हरियाली प्रवर्धनमा पुर्याएको योगदानको आधारमा वडा कार्यालय र संस्थालाई पुरस्कृत गरिनेछ । गैर सहकारी संस्था, आमा स्मूह, युवा क्लव लगायतका सामाजिक संस्थाहरुलाई बस्ती र शहरी सुन्दरता अभिबृद्धि कार्यक्रममा सहभागी बनाइनेछ । बस्ती स्तरका सडकहरुमा समेत हरियाली प्रवर्धन अभियानलाई टेवा पुर्याउने गरी वृक्षारोपन कार्यक्रमलाई समेत लागत सिस्टममा समावेश गरी योजना सम्झौता गर्ने प्रणालीको विकाश गरिनेछ ।

## गैरसरकारी संस्था

गैरसरकारी संस्थाहरुले संचालन गर्ने सबै कार्यक्रममाहरु नगरपालिकाको वार्षिक योजना किताबमा समावेश गरी नगरपालिकाको पुर्व स्विकृति लिई नगरपालिकाले ताकेको वर्ग र क्षेत्रमा कार्यक्रम संचालन गर्नेप्रणालीको विकाश गरिनेछ । गैरसरकारी संस्थालाई नगरपालिकाको विकास प्रक्रियामा सहयोगीको रुपमा योगदान गर्न सक्ने वातावरण निर्माण गर्न र उनिहरुवाट पारदर्शी उतरदायी सेवा प्रवाह गराउन निर्देशन गर्दै आवश्यक सहयोग पेर्याइनेछ । नगरपालिका भित्र क्रियाशिल गैरसरकारी संस्थाहरुको प्रोफाईल तयार गरी गैरसरकारी संस्थाको परिचालन,नियमन,अनुगमन,मूल्याङ्कन तथा सहजीकरणलाई प्रभावकारी बनाइनेछ ।

## सार्वजनिक निजी साझेदारी

सार्वजनिक निजी साझेदारी कार्यक्रमलाई अवलम्बन गरी कृषि, पर्यटन र फोहोरमैला ब्यवस्थापन, उधम र ब्यवसाय, भौतिक संरचना निर्माण सहितको कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## संचार एवं सुचना प्रविधि सम्बन्धी निति

- अगामी आ.व वाट यस नगरपालिकामा Sutra मा आधारित वार्षिक विकास कार्यक्रम तर्जुमा जोड दिइनेछ।
- दातृ निकाय तथा अन्य संस्थाको सहयोगमा नगरपालिकामा नगर सुचना प्रविधिको पहँच विस्तार गर्न नगर सुचना केन्द्र स्थापना गरिनेछ ।
- नगरपालिकाले आफनो सुचना निर्णय तथा गतिविधिहरुलाई पारदर्शी रुपमा नियमित प्रकाशन तथा प्रशारण गरी एफ.एम., पत्रपत्रिका तथा बुलेटिनहरुका साथै नगरपालिकाको वेबसाईट मार्फतबाट समेत जानकारी गर्ने परिपाटिको विकास गरिनेछ ।

उपस्थित महानुभावहरु :

मटिहानी नगरपालिकाले प्रस्तावित बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मुलतः नेपालको संविधान २०७२ को अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकार सुची, आर्थिक अधिकार र आर्थिक कार्य प्रणाली, मौलिक हकहरु, आर्थिक सामाजिक विकास, साधन श्रोतको उपयोग नीति, अर्थ मन्त्रालय, प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदानको मार्गदर्शन र संघीय मामिला तथा स्थानिय विकास मन्त्रालयबाट प्राप्त मार्गदर्शन, सहभागितामूलक योजना छनौट पद्धति, विकासका समसामयिक मुद्धाहरु जस्तै सामाजकि संरक्षण, दीगो विकास, जलवायु परिवर्तन, विपद व्यवस्थापन, लैगिंक सशक्तिकरण तथा समावेशी विकास समेतलाई आधार मानी नगरकार्यपालिकाबाट स्वीकृत गरी यो गरिमामय नगरसभामा आगामी आ.व. ०७६।७७ को अनुमानित प्रस्तावको आय-व्ययको विवरण प्रस्तुत गर्न अनुमती चाहन्छु ।

मटिहानी नगरपालिकाको अगामी आ. व. २०७६/०७७ को लागी कुल बजेट रु. छत्तिस करोड एकसठी लाख पैसठी हजार विनियोजन गरेको छु ।

| सि.नं. | शीर्षक | आ.व.२०७६।०७७ को अनुमान |
|---|---|---|
| १ | आन्तरिक श्रोत | १,००,००,०००।- |
| २ | राजश्व बाँडफाँडबाट प्राप्त रकम | ७,१३,००,०००।- |
| | संघीय सरकार | |
| ३ | १३३११ समानीकरण अनुदान | १०,७८,००,०००।- |
| ४ | १३३१२ शसर्त अनुदान चालु | ९,८९,००,०००।- |
| | प्रदेश सरकार | |
| ५ | २६३३१ वित्तिय समानकिरण | ७१,६५,०००।- |
| ६ | २६३३२ सशर्त अनुदान | १,००,००,०००।- |
| ७ | २६३३३ बिशेष अनुदान | ३०,००,०००।- |
| ८ | २६३३४ समपुरक अनुदान | ४०,००,०००।- |
| ९ | अन्य आय | ३०,००,०००।- |
| १० | जनसहभागिता | १०,००,०००।- |
| ११ | गत बर्षको मौज्जात | ५,००,००,०००।- |
| | कुल जम्मा- | ३६,६१,६५,०००।- |

कुल बजेट मध्ये नगर कार्यपालिकाको चालु खर्च रु.६,००,००,०००।- (छौं करोड) तथा पुंजिगत खर्च रु. १९,७२,६५,०००।- (उन्नईस करोड बहत्तर लाख पैसठी हजार) गरी जम्मा रकम रु.२५,७२,६५,०००।- ( पचिस करोड बहत्तर लाख पैसठी हजार) विनियोजन गरिएको छ ।

वडा समितिहरुको प्रशासनिक तथा साधारण खर्च रकम रु. ५,००,०००।- का दरले रु. ४५,००,०००।- विनियोजन गरिएको छ भने बस्ती तथा वडा स्तरबाट छनौट भई आउने योजना सञ्चालन समेत गरी वडा समितिको पुंजिगत खर्च तर्फ रकम रु. ५५,००,०००।- का दरले रु. ४,९५,००,०००।- (चार करोड पन्चानब्वे लाख) तथा चालु

आ.व.मा सम्पन्न हुन नसकेका योजनाहरुलाई आगामी आ.व. ०७६।०७७ मा सम्पन्न गर्न सोही अनुसार बजेट विनियोजन गरिएको छ ।

शशर्त अनुदान तर्फको रकम रु.१०,८९,००,०००।- (दश करोड उन्नानब्बे लाख) (संघ-९,८९,००,०००।- र प्रदेश-१,००,००,०००।-) विषयगत निकायबाट प्राप्त कार्यक्रमको आधारमा विनियोजन गरिएको छ भने नगरपालिकामा प्राप्त हुन सक्ने अन्य विभिन्न विषयगत निकाय तथा साझेदारहरुबाट प्राप्त बजेट पनि प्राप्त कार्यक्रमकै आधारमा खर्च गर्ने व्यवस्था मिलाइनेछ ।

उपस्थित महानुभावहरु,

प्रस्तावित बजेट एवं योजनाको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक क्षमता विकास, संस्थागत, नीतिगत, कार्यविधिगत सुधारका कार्यहरु गर्न सकिएमा कार्यक्रमहरुको कार्यान्वयनको सुनिश्चितता, पारदर्शीता र उत्तरदायित्वमा थप प्रवर्द्धन हुने विश्वास लिएका छौं । हामीले आफुलाई अझ बढी उत्तरदायी, जिम्मेवार र जवाफदेही बनाउँदै सरोकारवालाहरु विचको सहकार्य, समन्वय, सुझाव र सहमतीपुर्ण वातावरणलाई अनुकुल परिवेशमा लैजाने र प्रभावकारी ढंगका साथ साधनहरु परिचालन गरी मटिहानी नगरपालिकाका जनताको लागी नजिकको जिम्मेवार सरकार हुने भन्ने मान्यतालाई प्रमाणित गर्नेछौं । यो प्रयासलाई सार्थक तुल्याई दिन सहयोग पुर्याउने सवै प्रमुख अतिथि, अतिथि ,पत्रकार, विषयगत क्षेत्रका प्रतिनिधी, राजनैतिक दलका पदाधिकारीहरु तथा नगर कार्यपालिकामा कार्यरत सम्पुर्ण कर्मचारीहरुका साथै यस कार्यमा सहयोग गर्नुहुने आदरणीय सम्पुर्ण उपस्थित महानुभावहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छौं ।

अन्तमा यस नगरसभाबाट प्रस्तुत नगर विकास योजनालाई सफल र प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सम्वद्ध सवै पक्षबाट निरन्तर सहयोगको अपेक्षा गर्दै यस कार्यमा सक्रिय एवं रचनात्मक सहयोग पुर्याउने निर्वाचित जनप्रतिनिधी ज्यूहरु तथा कर्मचारी साथीहरुलाई विशेष धन्यवाद दिन चाहन्छौं । साथै यो गरिमामय सभामा सवै विशिष्ट महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छौ । धन्यवाद

हरि प्रसाद मण्डल
नगर प्रमुख

जय मटिहानी
जय मटिहानी नगरपालिका
मिति : २०७६।०३।०९.